नेपाल सरकार
गृह मन्त्रालय

विषय : बाढी तथा डुवान प्रभावित क्षेत्रमा पुनर्स्थापना तथा पुनर्निर्माण गराउने ।

प्रस्ताव पेश गर्ने विभागीय मन्त्रीबाट स्वीकृति प्राप्त मिति :२०७४।०५।३०

१. विषयको संक्षिप्त व्यहोरा :

२०७४ साल श्रावण महिनाको अन्तिम हप्तामा मुलुकको पाँचथर, इलाम, झापा, मोरङ, सुनसरी, उदयपुर, सप्तरी, सिराहा, सर्लाही, धनुषा, महोत्तरी, रौतहट, बारा, पर्सा, मकवानपुर, चितवन, नवलपरासी, म्याग्दी, दाङ, बाँके, बर्दिया, सुर्खेत, कैलाली लगायतका विभिन्न जिल्लाहरुमा भिषण वर्षा भई बाढी, डुवान र पहिरोबाट धेरै जनधनको क्षति भएको छ । तराई मधेस लगायतका प्रभावित भएका जिल्लाहरुमा बाढी तथा डुवानबाट जनजीवन अति नै प्रभावित भएको छ । खोज, उद्दार तथा तत्काल राहत उपलब्ध गराउने कार्य सम्पन्न भएता पनि जनजीवनलाई सहज बनाउन पुनर्निर्माणको ठोस योजना आवश्यक रहन्छ । तराई मधेस लगायतका प्रभावित भएका जिल्लाहरुमा उपरोक्त निर्णयलाई शिघ्रताशीघ्र कार्यान्वयनमा ल्याउन सम्बन्धित जिल्लाका जिल्ला दैवी प्रकोप उद्दार समितिले यकिन गरेका पूर्ण रुपमा घर क्षति भएका प्रभावितहरुको ६ महिनाभित्र घर पुनर्निर्माण तथा पुनर्स्थापना गर्ने र अन्य भौतिक पूर्वाधारहरुको पुनर्निर्माणका लागि योजनावद्ध कार्यक्रम तथा बजेटको आवश्यकता रहेको ।

२. प्राप्त परामर्श तथा अन्य प्रासङ्गिक कुरा :

केन्द्रीय दैवी प्रकोप उद्दार समितिको मिति २०७४।५।२७ गते बसेको बैंठकबाट देहाय अनुसारको निर्णय भएको ।

मिति २०७४ साल श्रावणको अन्तिम हप्ता भएको अविरल वर्षा संगै आएको बाढी, पहिरो तथा डुवानका कारण तराई मधेस लगायतका प्रभावित भएका जिल्लाहरुमा निजी घरहरु ठूलो संख्यामा पूर्ण रुपमा क्षति भएकोले यस्ता बाढी तथा डुवान प्रभावित क्षेत्रमा उपयुक्त हुने घरको डिजाइन तथा लगत स्टीमेट तयार गर्न राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको संयोजकत्वमा शहरी विकास मन्त्रालय र संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयका प्राविधिकहरु सदस्य रहने गरी एक उच्चस्तरीय कार्यदल गठन गरी १ हप्ताभित्र प्रतिवेदन लिने राष्ट्रिय पुनर्निर्माण प्राधिकरणलाई अनुरोध गर्ने ।

(क) यस कार्यदलले हाल चालु रहेका जनता आवास कार्यक्रम लगायत संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय मार्फत संचालित यस्तै प्रकृतिका कार्यक्रमहरुसँग समेत तादाम्यता मिलाई कार्यान्वयन गर्ने मोडालिटी समेत पेश गर्ने ।

(ख) यस कार्यदलबाट प्राप्त डिजाइन तथा लागत अनुमानका आधारमा हाल प्रभावित क्षेत्रमा पुनर्स्थापना तथा पुनर्निर्माण गर्न ईच्छुक निजी क्षेत्र तथा सामाजिक संघसंस्थाहरुलाई स्थानीय रितिरिवाज, संस्कृति र सामाजिक सद्भावमा खलल नपुर्‍याउने तथा नदोहोरिने गरी जिल्ला दैवी प्रकोप उद्दार समिति र सम्बन्धित स्थानिय तहले प्रचलित कानुनबमोजिम निर्णय गरी बस्ती विकास तथा घर निर्माण गर्न सहमति दिने ।

(ग) यस्तो डिजाइन तथा लागत अनुमान अनुसार विस्थापितहरुको घर निर्माण कार्य ६ महिनाभित्र सम्पन्न गर्न आवश्यक बजेट समेतको व्यवस्था गरी जिल्ला दैवी प्रकोप उद्दार समितिको समन्वयमा सम्बन्धित विषयगत मन्त्रालयबाट आवश्यक प्राविधिक जनशक्ति खटाई काम गर्ने गराउने ।

**३. प्रस्ताव पेश गर्नुपर्नाको कारण र मन्त्रालयको सिफारिश :**

प्रकरण नं. १ मा उल्लेख भए बमोजिम तराई मधेस लगायतका प्रभावित भएका जिल्लाहरुमा पुनर्निर्माण तथा पुनर्स्थापना कार्य छिटो, छरितो र प्रभावकारी बनाउन सम्बन्धित जिल्लाका जिल्ला दैवी प्रकोप उद्दार समितिहरुबाट यकिन भएका पूर्ण रुपमा घर क्षति भएका परिवारहरुको घर पुनर्निर्माण तथा पुर्स्थापना गराउन सम्बन्धित स्थानमा उपयुक्त हुने किसिमको घरको डिजाइन तयार गरी पुनर्स्थापना सम्बन्धी कार्य ६ महिनाभित्रै सम्पन्न गर्न राष्ट्रिय पुनर्निर्माण प्राधिकरणलाई जिम्मेवारी दिने र यस कार्यका लागि आवश्यक पर्ने बजेट अर्थ मन्त्रालयले राष्ट्रिय पुनर्निर्माण प्राधिकरणलाई उपलब्ध गराउने तथा सोको क्रममा सम्बन्धित जिल्लाका जिल्ला दैवी प्रकोप उद्दार समितिहरुले शहरी विकास तथा भवन निर्माण डिभिजन कार्यालय समेतको सहयोग लिई पुनर्निर्माण तथा पुनस्थापना कार्यको सहजीकरण तथा अनुगमन गर्ने निर्णयका लागि नेपाल सरकार, मन्त्रिपरिषद् समक्ष प्रस्ताव पेश गर्न माननीय गृहमन्त्रीबाट मिति २०७४।५।३० मा स्वीकृति प्राप्त भएकोले नेपाल सरकार (कार्यसम्पादन) नियमावली, २०६४ को अनुसूची–१ को विषय संख्या ४१ बमोजिम यो प्रस्ताव पेश गरिएको छ ।

**४. निर्णय हुनुपर्ने व्यहोरा :**

(क) प्रकरण नं. १ मा उल्लेख भए बमोजिम तराई मधेस लगायतका प्रभावित भएका जिल्लाहरुमा सम्बन्धित जिल्लाका जिल्ला दैवी प्रकोप उद्दार समितिहरुबाट यकिन भएका पूर्ण रुपमा घर क्षति भएका परिवारहरुको घर पुनर्निर्माण तथा पुर्स्थापना गराउन सम्बन्धित स्थानमा उपयुक्त हुने किसिमको घरको डिजाइन तयार गरी पुनर्स्थापना सम्बन्धी कार्य ६ महिनाभित्रै सम्पन्न गर्न राष्ट्रिय पुनर्निर्माण प्राधिकरणलाई जिम्मेवारी दिने ।

(ख) यस कार्यका लागि आवश्यक पर्ने बजेट अर्थ मन्त्रालयले राष्ट्रिय पुनर्निर्माण प्राधिकरणलाई उपलब्ध गराउने ।

(ग) सोको क्रममा सम्बन्धित जिल्लाका जिल्ला दैवी प्रकोप उद्दार समितिहरुले शहरी विकास तथा भवन निर्माण डिभिजन कार्यालय समेतको सहयोग लिई पुनर्निर्माण तथा पुनर्स्थापना कार्यको सहजीकरण तथा अनुगमन गर्ने ।

मिति : २०७४।६।१

(लोकदर्शन रेग्मी)
सचिव

श्री सचिव,
गृह मन्त्रालय ।

बाढी तथा डुवान प्रभावित क्षेत्रमा पुनर्स्थापना तथा पुनर्निर्माण गराउने विषयको गृह मन्त्रालयको नं. ९/९१-०७४/६/२ को प्रस्ताव मं.प.बै.सं. ३४/०७४ मिति २०७४/६/२ को मन्त्रिपरिषद्को बैठकमा पेश हुँदा त्यसमा नेपाल सरकार, मन्त्रिपरिषद्ले देहायबमोजिम निर्णय गरेकाले सोबमोजिम कार्यान्वयन हुन नेपाल सरकार (कार्यसम्पादन) नियमावली, २०६४ को नियम २९ बमोजिम अनुरोध गरेकोछु –

<u>नेपाल सरकारको निर्णय</u> —

"प्रस्तावमा लेखिएबमोजिम गर्ने ।"

( राजेन्द्र किशोर क्षेत्री )
मुख्यसचिव
२०७४/६/२